आँबुखैरेनी नगरपालिकाको दोस्रो नगरपरिषद्बाट पारित आर्थीक बर्ष २०७२/०७३ को यथार्थ आर्थिक वर्ष २०७३।७४ को संशोधित तथा आ.ब.०७४/०७५ को अनुमानित नीति, योजना, कार्यक्रम तथा बजेट सार्वजनिक गर्न आँबुखैरेनी नगरपालिकाका कार्यकारी अधिकृत श्री दुर्गा थापा ज्युबाट प्रस्तुत बक्तब्य :

**आँबुखैरेनी नगरपालिकाको दोस्रो नगर परिषदमा पाल्नु हुने**
**आदरणीय प्रमुख अतिथी एवं श्रीमान् प्रमुख जिल्ला अधिकारी फणिन्द्र मणि पोखेल ज्यू**
**विशिष्ठ अतिथी श्रीमान् स्थानीय विकास अधिकारी बद्रि प्रसाद तिवारी ज्यू**
**सुरुक्षा निकायका प्रमुख ज्यू**
**जिल्ला स्तरिय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु**
**जिल्ला स्थित विभिन्न कार्यालयका पुमख तथा प्रतिनिधी ज्यूहरु,**
**ब्यास, शुक्लागण्डकी, बन्दिपुर, भानु नगरपालिकाका कार्यकारी अधिकृत ज्यूहरु**
**तनहुँ उद्योग वाणिज्य संघका अध्यक्ष ज्यू**
**नगरस्तरीय सर्वदलीय प्रतिनिधि ज्यूहरु**
**यस नगरपालिका भित्रका विभिन्न कार्यालय तथा इलाका स्तरिय कार्यलय प्रमुख ज्यूहरु**
**उद्योग वाणिज्य संघ आँवुखैरेनी तथा सत्रसय वजार इकाईका अध्यक्ष ज्यू**
**पत्रकार मित्रहरु**
**सल्लाहकार समितिका सदस्य ज्यूहरु**
**राजश्व परामर्श समितिका सदस्य ज्यूहरु**
**वडा नागरिक मञ्चका संयोजक तथा सदस्य ज्यूहरु**
**नगरस्तरिय महिला सञ्जालका संयोजक तथा सदस्य ज्यूहरु**
**आँवुखैरेनी खानेपानी तथा मिलनचोक जरेवर उपभोक्ता समितिका अध्यक्ष ज्यू हरु,**
**नगरस्तरीय शान्ति समितिका संयोजक ज्यू**
**टोल विकास संस्था, आमा समुह, बाल क्लव तथा अन्य संघसस्थका अध्यक्ष एवं सदस्य ज्यूहरु**
**नागरिक समाजका प्रतिनिधि ज्यू**
**आँबुखैरेनी स्रष्टा समाजका अध्यक्ष ज्यू,**
**आमन्त्रित अतिथि ज्यूहरु**
**कर्मचारी साथीहरु**
**आदरणीय नगरवासी आमा वुवा दाजुभाई तथा दिदीवहिनीहरु**

सर्वप्रथम मुलुकमा लोकतन्त्र स्थापनाका लागि समय समयमा भएका आन्दोलनहरुमा आफ्नो जिबन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्वान्जली अर्पण गर्दे उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

नेपालको तनहुँ जिल्लामा अवस्थित आँबुखैरेनी नगरपालिका विभिन्न मौलिक पहिचानले भरिपुर्ण नगरपालिका हो । विगतमा गाँउ विकास समिति रहको यस नगरपालिका नेपाल सरकारको मिति २०७२ साल आश्विन १ गतेको निर्णय बमोजिम नगरपालिकाको रुपमा परिणत भई अगाडी बढिरहेको जानकारी गराउन चाहान्छु ।

**आर्थिक सामाजिक सांस्कृतिक तथा पर्यावरणीय रुपमा सवल सभ्य तथा विकाशसिल आबुखैरेनी नगरपालिका निर्माण** भन्ने दिर्घकालिन सोचका साथ अगाडि बढि रहेको यस नगरपालिकामा विभिन्न जातजाती, भाषाभाषिको बसोवास रहनुका साथै आ-आफ्नै भेषभुषा र संस्कृती रहेका छन् । विकासमा यहाँका सम्पुर्ण राजनितिक दल, संघसंस्था, बुद्धिजिवी, समाजसेवी र अन्य नागरिकको सक्रियता तथा हातेमालो गर्ने संस्कृतीको मुक्तकण्ठले प्रशंसा गर्नुपर्दछ । विकास प्रतिको सोही सक्रियता, सहभागिता तथा सहकार्य नै यस क्षेत्रको उज्वल भविष्यको आधार हो ।
आँबुखैरेनी नगरपालिका भित्र दिगो तथा सन्तुलित विकास गर्ने उद्देश्य राखि नगरपालिका भित्रका विभिन्न वडाहरुबाट समावेशी र सहभागितामुलक प्रक्रियाबाट छनौट भई आएको योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका आधारमा बजेट विनियोजन गरीएको छ ।

आदणीय दाजुभाई तथा दिदिबहिनीहरु,
अव म यसै चालु आर्थिक वर्ष २०७३।०७४ मा कार्यालयले सन्चालनमा ल्याउने र गर्ने महत्वपुर्ण कार्यक्रमहरु संक्षेपमा राख्न चाहान्छु ।

- आबुखैरेनी नगरक्षेत्रलाई स्वच्छ, सफा र सुन्दर राख्ने उद्देश्यले यस क्षेत्र भित्रको घरयासी तथा अन्य फोहोरलाई व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाइने छ ।
- नगरपालिका क्षेत्र भित्र भएका विभिन्न सार्वजनिक जग्गाको विवरण अद्यावधिक गरी त्यसलाई संरक्षण गर्ने कार्यलाई अगाडि बढाइने छ ।
- राजश्वको दर र दायरा फराकिलो बनाउन एकिकृत सम्पत्ति कर तथा व्यवसायिक कर संकलन गर्ने कार्यलाई सुरुवात गरी पारदर्शी रुपमा परिचालन गर्ने कार्यको सुरुवात गरिनेछ ।
- आँबुखैरेनी नगरपालिका कार्यालयको लागि भवन साविक गा.वि.स. भवन नै रहेकोले दैनिक प्रशासनकि कार्य संचालनमा कठिनाई भएको हुँदा कार्यालय भवन निर्माण कार्यको प्रक्रियालाई सुरुवात गरिनेछ ।
- नगरपालिका कार्यालय भित्रका विभिन्न शाखाहरुमा कम्प्युटर सफ्टवेर प्रणाली मार्फत कार्यसम्पादन गर्ने कार्यको सुरुवात गरिने छ ।
- विभिन्न भौतिक तथा अन्य विकासका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउन चुस्त दुरुस्त रुपमा कायहरु गरी गराई नियमित अनुगमन गर्ने कार्य निरन्तर राखिनेछ ।

- आँबुखैरेनी नगरपालिका कार्यालयको दैनिक प्रशासनिक कार्यलाई थप चुस्त दुरुस्त र प्रभावकारी बनाउन बडा पत्रमा उल्लेख भए बमोजिम सम्बन्धित शाखाबाट कार्य सञ्चालन गर्नुका साथै कर्मचारीहरुमा कार्यदक्षताको विकासका साथसाथै उत्तरदायित्व तथा जिम्मेवारीपनको विकास गरिनेछ ।
- स्वीकृत दरवन्दि अनुरुप कर्मचारी पदपुर्ती हुन नसक्दा कार्यालयको दैनिक तथा प्रशासनिक कार्यमा कठिनाई भइरहेको हुँदा स्वीकृत दरवन्दि अनुसारको कर्मचारी पदपुर्तिको लागि नियमानुसार प्रक्रिया अगाडि बढाइने छ ।

आदरणीय महानुभावबहरु :
आ.ब.०७४/०७५ को प्रस्ताबित उदेश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न बिषयहरुलाई मार्गदर्शनको रुपमा लिईएको छ ।

१) नेपालको संबिधान
२) स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले गरेका ब्यबस्थाहरु
३) दिगो बिकासका लक्ष्यहरु
४) चालु त्रिबर्षीय योजनाहरुले निर्दिष्ठ गरेका लक्ष्य र उदेश्यहरु
५) स्थानीय निकाय श्रोत परिचालन तथा ब्यबस्थापन कार्यबिधि २०६९
६) नेपाल सरकारको आर्थिक वर्ष २०७३।०७४ को बजेटका नीति, कार्यक्रमहरु
६) संघीय मामिला तथा स्थानीय बिकास मंत्रालयको बजेट शिलीङ्ग र मार्गदर्शन
७) योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमीकता निर्धारण भई आएका योजना तथा कार्यक्रमहरु
८) वडा नागरिक मंचबाट सिफारिस भई आएका कार्यक्रम तथा कार्यक्रमहरु
९) नगरपालिकाको आ.ब. ०७३/०७४ को बजेटले निर्दिष्ठ गरेका निति, योजना, तथा कार्यक्रमहरु
१०) स्थलगत रुपमा गरिने आयोजनाहरुको अनुगमन तथा सुपरिबेक्षणबाट प्राप्त सिकाई
११) बिगतका समिक्षा तथा कार्यानुभवबाट प्राप्त पृष्ठ पोषणहरु

आदरणीय प्रमुख अतिथि ज्यु तथा उपस्थीत महानुभावहरु :
अब म यस आँबुखैरेनी नगरपालिकाको दिर्घकालीन सोच, उदेश्य, निति तथा कार्यक्रम बारेमा संक्षिप्तमा उल्लेख गर्न चाहन्छु

**क) दिर्घकालिन सोच :**

आर्थिक सामाजिक सांस्कृतिक तथा पर्यावरणिय रुपमा सवल सभ्य तथा विकाशसिल आँबुखैरेनी नगरपालिका निर्माण गर्ने ।

**ख) उदेश्य :**

१) नगरपालिका भित्रका सवै वडा तथा गाँउहरुमा ग्रामिण कृषि सडक विस्तार गरी जनताको सामाजिक तथा आर्थीक रुपान्तरणमा सहयोग पुऱ्याउने
२) विकासका पुर्बधारहरुलाई जनस्तरसम्म पुऱ्याई प्राप्त अबसरहरुलाई पर्याप्त उपयोग गर्ने अबस्थाको सुनिश्चितता गर्ने ।
३) आर्थिक सामाजिक रुपले पछि परेका गरिब, महिला, जेष्ठ नागरिक, बालवालिका, जनजाती, दलित अपांग आदिलाई प्राथमिकतामा राखि विकास निर्माण कार्य तथा अन्य कार्यक्रमहरु संचालन गरिने ।
४) उत्पादन मुलक क्षेत्रमा ब्यबसायीकता र उद्यमशिलताको बिकास, रोजगारी सृजना एंव सामाजिक परिचालन मार्फत गरिबी न्युनीकरणमा बिशेष जोड दिने ।
५) सुरक्षीत खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धी चेतनाको स्तरउन्नती गरी दिर्घकालीन लक्ष्य प्राप्तीमा टेवा पुऱ्याउने ।
६) बिकासका कार्यक्रमहरु तथा आयोजनाहरु संचालन गर्दा सरोकारवालाहरु बिच समन्वय गर्दै जनसहभागीता, पारदर्शीता र उत्तरदायीत्व बढाई सुशासनको प्रत्याभुती दिने ।

७) समृद्व र श्रोत सम्पन्न नगरको रुपमा बिकास गर्ने ।

८) विकासको दृष्टिले पछाडि परेका वडाहरुमा प्राथमिकताका साथ विकास कार्यक्रमहरु पुऱ्याई जनताको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहयोग पुऱ्याउने ।

**ग) दिर्घकालीन नीति :**

१) नगर क्षेत्रको एकिकृत र दिर्घकालीन बिकासको लागि आबधिक पंच बर्षिय योजना तर्जूमा गरी कार्यान्वयन गर्ने ।

२) नगरको भुउपयोग र आवास निति तर्जुमा गरी समुन्त शहरको रुपमा बिकास गर्ने ।

३) आधारभुत र आधुनिक सेवा सुबिधा सरल सहज रुपमा नागरिकहरु माझ उपलब्ध गराई नागरिकहरुको बिश्वास प्राप्त निकायको रुपमा नगरपालिकालाई स्थापीत गर्ने

४) नगरपालिकाको राजश्वको क्षेत्र, दायरा फराकिलो बनाउदै राजस्व संकलन र परिचालनलाई प्रभावकारी तथा पारदर्शी पार्दै नगरपालिकालाई सक्षम संस्थाको रुपमा बिकास गर्ने ।

५) कृषिलाई विविधिकरण, ब्यबसायीकरण तथा कृषिमा आधारित घरेलु उद्यमको विकास गरी रोजगारी मार्फत गरिबी न्युनीकरणमा टेवा पुऱ्याउने ।

६) औधोगीक पुर्बाधार बिकास मार्फत औधोगीक क्षेत्रको रुपमा बिकास गर्ने ।

७) धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाको बिकास गरी पर्यटकीय नगरीको रुपमा बिकास गर्ने ।

८) लैंगिक समता, समानता र सामाजिक समाबेशीको माध्यमबाट सामाजिक न्याय स्थापीत गर्ने ।

९) सार्वजनिक सम्पत्तीको संरक्षण र प्रबर्धन गर्ने ।

१०) सार्वजनिक पारदर्शिता उत्तरदायीत्व र अनुशासन कायम गराई नगरबासीहरुलाई सुशासनको अनुभुती दिई राष्ट्रिय स्तरमा पहिचान कायम गर्ने ।

११) शिक्षा, स्वास्थ्य, भाषा, साहित्य र खेलकुदको संरक्षण र  बिकास गर्ने ।

१२) सुचना प्रबिधिको बिकास र बिस्तार गरी सेवा प्रवाहलाई छरितो तुल्याउने ।

१३) सरसफाई र बाताबरण संरक्षणमा अग्रणी नगरपालिकाको रुपमा स्थापीत गर्ने ।

१४) नगरपालिका भित्र हुने हरेक विकासका कार्यक्रम तथा अन्य कृयाकलापहरुलाई प्राकृतिक श्रोत साधनको संरक्षण संवर्द्धन साथै जलवायु परिवर्तनसँग अनुकुल हुनेगरी संचालन गर्ने ।

**घ) आ.ब.०७४/०७५ मा नगरमा संचालन हुने प्रमुख नीति तथा कार्यक्रमहरु निम्नुसार हुनेछ :**

**१) भौतिक पुर्बाधार बिकास :**

- सडकहरुको न्युनतम मापदण्डलाई अनिवार्य रुपमा कार्यान्वयन गरिने छ ।
- मापदण्ड अनुरुप सडकको दायाँ बायाँ लगत कट्टी गर्दै जाने योजना अनुरुप आँबुखैरेनी नगरपालिका क्षेत्रको आन्तरीक मोटर मार्गहरुमा सडक मापदण्ड बमोजिम आवश्यकता अनुसार लगत कट्टा गरिनेछ ।
- उपभोक्ता समिति मार्फत पुर्बाधार संरचनाको निर्माण गर्दा लागत साझेदारी र टेण्डरमा निर्माण गर्ने कार्यलाई प्राथमीकता दिईने छ ।
- सबै वडा तथा गाँउहरुमा ग्रामिण सडक पुऱ्याउन मापदण्ड अनुसारको सडक निर्माण र विस्तार कार्यलाई तिव्र रुपमा अगाडि बढाइनेछ ।

- पुर्बाधार संरचनाहरुको निर्माण गर्दा भु-क्षय र वन बिनाश जस्ता बाताबरणीय पक्षलाई उचित ध्यान पुर्‍याई प्राकृतिक संरचनामा खलल हुन नदिन ब्यबस्था गरिनेछ। नव निर्मित सडकका दायाँ बायाँ हरियाली अभिबृद्धि गरिनेछ।
- ठुला खानेपानीका मुहानहरुको खोजी गरी पुर्ब सम्भाब्यता अध्ययन गरिने छ।
- आन्तरीक तथा ग्रामिण सडकहरुलाई क्रमश कालोपत्रे गर्दै लगिने छ। सडक स्तरउन्नती गर्दा नाली निर्माणलाई पहिलो प्राथमीकता दिईने छ।
- नयाँ भवन तथा घरहरु निर्माण गर्दा भवन निर्माण संहिताको पालना गराईने छ र नक्सा पास प्रकृयालाई अनिवार्य गरिएको छ।
- खानेपानीको श्रोतको खोजी तथा ब्यबस्थापन गर्ने कार्यको लागि थप अध्ययन कार्य अघी बढाईने छ।
- बिद्‍यालयहरुको भौतिक संरचनाहरुको बिकास तथा मर्मत सम्भार गरिने छ।
- सबै वडाहरुमा सरसफाईका बिशेष कार्यक्रमहरु संचालन गरिने छ। सरसफाईका गतिबिधिहरुलाई अनिवार्य पालना गर्न बिद्‍यालय एंव समुदायको अगुवाईमा सरसफाईका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा लागु गरिने छ।
- प्रकोप ब्यबस्थापन कार्यलाई प्रभावकारी बनाई बिपदको बेला तत्काल उद्धार तथा राहत कार्यलाई ब्यबस्थीत गरिने छ।
- तट्‍बन्धनको क्षेत्रमा जोखीम न्युनीकरणको लागि आवश्यक बजेटको ब्यबस्था गर्न नेपाल सरकारलाई अनुरोध गरिने छ।

**२) आर्थिक तथा सामाजिक बिकास :**

क) सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत शिक्षामा पहुँच बढाई गुणस्तर सुधार्न पुर्बाधार निर्माण, छात्रबृत्ति बितरण, पुस्तकालय निर्माण तथा उत्कृष्ठ प्रतिभालाई प्रोत्साहन बढाउने निति लिईने छ।

ख) बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि आबधिक बालमैत्री योजनालाई प्रभावकारीताका साथ कार्यान्वयन गरिने छ।

ग) बिद्‍यालयको भौतिक सुबिधामा सुधार गर्दै गुणस्तरीय शिक्षालाई जोड दिईने छ।

घ) धार्मिक तथा पर्यटकीय स्थलको पहिचान गरी सो क्षेत्रमा एकिकृत पर्यटन बिकासका कार्यक्रमहरु संचालन गरिने छ र यस क्षेत्रको पहुँचको लागि सडक स्तरउन्नती गरिने छ।

ङ) स्वदेशमै उत्पादन बढाउ आफ्नै जन्मथलोमा रमाउ भन्ने नारालाई आत्मसात गर्दै युवा जनशक्तिलाई ब्यबसायीक कृषि पेशामा आकर्षण गर्ने प्रयाप्त कार्यक्रमहरु संचालन गरिने छ।

च) कृषिमा आधारीत करेसाबारी सुधार गरी अर्गानिक तरकारी तथा फलफुल खेतीको बैज्ञानीक प्रबिधि अपनाई उत्पादन बढाउने कार्यलाई जोड दिईने छ।

छ) दलितहरुको परम्परागत पेशा आधुनिकिकरण गरी ब्यबसाय प्रबर्द्धन गरिने छ।

ज) मझौला तथा ठुला उद्योगहरु स्थापनाको सम्भाबना र क्षेत्र एकिन गरी नेपाल सरकारलाई सिफारिस गरिने छ।

झ) उत्पादन र आय आर्जन बढाउन सक्ने सफल र बिश्वास प्राप्त सहकारीहरु संग सहकार्य गरिने छ।

ञ) भौगोलिक ब्यबस्था र निर्मित पुर्बाधारलाई मध्यनजर गरी तुलनात्मक लाभका बाली उत्पादनमा जोड दिईने छ।

ट) आधुनिक पद्वतीबाट ब्यबसायीक तरकारी तथा फलफुल खेती र पशु पालनमा युवा कृषकहरुलाई बिशेष प्राथमीकता दिईने छ ।

ठ) कृषि बिकासको मुल प्रवाहमा महिला, दलित तथा बिपन्न बर्गको पहुँच बढाईने छ ।

ड) जलबायु परिबर्तनका असर न्युनिकरण तथा सो बाट बच्न अनुकुलका उपायहरु अबलम्बन गरिने छ ।

ढ) जिल्लाको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रको पहिचान, बिकास र बिस्तार गरी पर्यटन प्रबर्द्धन गर्दै आर्थीक बिकास गर्न जोड दिईने छ ।

ण) नगर स्तरीय पर्यटन गुरुयोजना तयार गरी पर्यटकीय नगरी बनाउने आधार तय गरिने छ ।

त) महिलाहरुको क्षमता अभिबृद्धि गरी आय आर्जन गर्न सक्षम तुल्याईने छ ।

थ) नगरपालिका भित्र रहेका ऐलानी, प्रति र सार्वजनिक जग्गाहरुको नक्साङ्कन र मुल्याङ्कन गरी संरक्षण र प्रबर्द्धन गरिने छ ।

द) बिपन्न बर्ग र समुदायका महिलाहरुको आर्थीक श्रोत साधनमा पहुँच बढाउन आय आर्जन र महिला सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छ ।

ध) युवाहरुलाई राष्ट्र निर्माणमा सरिक गराउन रोजगार मुलक तथा उधमशिल तालिम दिईने छ

न) अपाङ्गताको प्रकृति अनुरुप आय आर्जनको लागि तालिम तथा सुबिधाजनक सामाग्री बितरण गरिने छ ।

प) मुश्लिम तथा पिछडा बर्गहरुको क्षमता बिकासमा जोड दिईने छ ।

फ) स्वास्थ्य कार्यक्रममा सहकार्य गर्दै स्वास्थ्य संस्थाहरुको स्तरउन्नती गरिने छ ।

ब) नगर क्षेत्र भित्र रहेका सार्वजनिक निजी कार्यालयहरु, संघसंस्थाहरु उद्योग तथा व्यवसायिक फर्महरुको विवरण तथा संख्या संकलन तथा अद्यावधिक गरिने छ ।

**३) संस्थागत बिकास तथा सुसाशन :**

क) परिमार्जित बडापत्र लागु गरी सेवाग्राहीहरुलाई सम्मान सहित मुस्कान सहितको सेवा प्रदान गरिने छ ।

ख) नगरपालिका कार्यालयको संगठन बिकास तयार गरी उपयुक्त संरचना तय गरिने छ ।

ग) नगरपालिकाको सेवालाई नागरिक सामु पुऱ्याउन आधारभुत संयुक्त वडा कार्यालय मार्फत संचालन गरिने छ ।

घ) सानातिना भै झगडा र बिबाद मिलाउन, सामाजिक बिकृती नियन्त्रण गर्न, सामाजिक अनुशासन कायम राख्न, उद्यमशीलता प्रबर्द्धन गरी सिप बिकास गर्न र ब्यबसाय प्रबर्द्धन गर्न टोल बिकास संस्थालाई अधिकार सम्पन्न हुने गरी टोल बिकास निर्देशीका तय गरिने छ । टोल बिकासमा उत्कृष्ट टेवा पुऱ्याउने संस्थाहरुलाई पुरस्कृत र सम्मान गरिने छ ।

ङ) नगरपालिकाको सूचना तथा अभिलेखको वेभसाईट तयार गरिएको छ । जसबाट सूचना प्रवाहलाई प्रभावकारी तुलाइने छ ।

च) नगरपालिकामा प्रत्येक एक चौमासिकमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिने छ ।

छ) नगरपालिकाद्वारा संचालन भएका आयोजनाहरुमा पारदर्शिता ल्याउन सम्झौता पुर्बको अनुगमन समिति गठन गर्ने र आयोजनाहरु सम्पन्न भए पश्चात सार्वजनिक परिक्षण गर्ने ब्यबस्थालाई कडाईका साथ लागु गरिने छ यसको लागि उपभोक्ता समितिको सदश्यहरुलाई समिति गठन,

योजना, सम्झौता, कार्यान्वयन लेखा, सार्वजनिक परिक्षण सम्बन्धी बिषयमा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

ज) गैर सरकरी सस्थाका कार्यक्रमहरुलाई नगरपालिकाको छाता भित्र ल्याई एकद्धार प्रणाली मार्फत कार्यन्वयन गरिनेछ ।

झ) निजी र गैर सरकारी क्षेत्रलाई साझेदारको रुपमा लिई सार्वजानिक निजिसाझेदारी बिकासमा सहयोग पुग्ने खालका कार्यक्रमलाई प्रथामिकता दिईनेछ ।

ञ) कार्यपद्धतिलाई ब्यवस्थित र खर्च प्रणालिलाई पारदर्शि बनाई समग्रकार्य सम्पादन स्तरमा सुधार गर्न सुशासनको प्रत्याभुति गरिने छ ।

ट) नगरपालिका कार्यालयबाट सम्पादन हुने कामको निरन्तर अनुगमन गरी सेवा प्रभामा गुणस्तरीयता एवं प्रभावकारिता प्रर्वद्धन गर्न नगर सुपरबिक्षण तथा अनुगमन समितिको कार्यलयलाई शसक्त औजारको रुपमा प्रयोग गरिनेछ ।

ठ) नगरपालिकाहरुको गुनासो सुन्ने अधिकारी मार्फत तत्कालै सम्बोधन गर्ने ब्यवस्था गरिनेछ ।

ड) नगरपालिकामा कार्यरत कर्मचारीहरुको ब्यवसायक क्षमता अभिबृद्धि गर्न सम्पुर्ण शाखा तथा कर्मचारीहरुको कार्य बिबरण बमोजिमको कार्य सम्पादन गर्न सक्षम बनाउन तालिम अभिमुखिकरण जस्ता कार्यक्रमहरुको सञ्चालन गरिनेछ ।

ढ) सामाजिक सुरक्षा बितरणलाई बैकिङ्ग प्रणाली मार्फत बितरण गर्न आवश्यक पुर्वधार तय गरिनेछ ।

ण) खरिद प्रणालीलाई योजनाबद्ध रुपमा सञ्चालन गरी स्रोत साधानको उच्चतम उपयोग गरिनेछ ।

त) नगरपालिकाको सेवा प्रवाहलाई सहज सरल सुलभ बनाईनेछ ।

थ) उपभोक्ता बजारमा स्वास्थ्य प्रतिस्पर्धा हुने बातवरण बनाउन सुरक्षा निकाय,नागरिक समाज,उद्योग बाणिज्य संघ र प्रेस संग सहकार्य गरिनेछ ।

द) न्युनतम सर्त तथा कार्य सम्पादन मापन निर्देशिकालाई कार्यन्वयन गरिनेछ ।

**४) सरसफाई र बातावरण सन्तुलन :**

क) यस नगरपालिकालाई पुर्ण सरसफाईयुक्त नगरपालिका घोषणा गर्न आवश्यक तयारीको थालनी गरिनेछ

ख) नगरक्षेत्र सडक संञ्जालहरु मध्य प्रत्येक वर्ष एउटा सडकलाई कालोपत्रे स्तरीकरण, नाली निर्माण, बृक्षारोपण र पैदलयात्रु पथ सहित नमुना सडक आयोजना कार्यन्वयन गरिनेछ ।

ग) खानेपानीका मुहानहरु संरक्षण गर्न, घर आँगन देखि सडकसम्म सफासुग्घर राख्न टोल बिकास संस्थाहरुको भुमिकालाई प्रभावकारी तुल्याईनेछ ।

घ) खानेपानीको मुहानमा पानी पोखीने जातका बोटबिरुवाहरुको बृक्षारोपण गरिनेछ ।

ङ) मुख्य बजारको सरसफाईको लागि तोकिएको शुल्कमा रकम उठाउन पाउने गरी निजी क्षेत्र संग सहकार्य गरिने छ ।

च) सार्वजनिक निजी साझेदारी मार्फत सरसफाई तथा बाताबरण सुधारका कार्यक्रमहरु संचालन गरिने छ ।

छ) जलबायु परिबर्तनका असर न्युनीकरण तथा अनुकुलनका कार्यक्रमहरु संचालन गरिने छ ।

ज) नगरपालिका भित्रका छाडा गाई बस्तुहरु नियन्त्रण गर्न उचित प्रबन्ध मिलाईने छ ।

**५) कर परिचालन निति :**

क) प्रकृया सरल गरी सुचना प्रबिधीको माध्यमबाट श्वेच्छीक कर सहभागीता प्रोत्साहन गरिने छ

ख) ईमानदारीता पुर्बक कर तिर्ने उत्कृष्ट करदातालाई सम्मान गरिने छ ।

ग) आर्थिक वर्षको पौष मसान्त सम्म एकिकृत सम्पत्ती कर बुझाउने करदाताहरुलाई १०% छुट दिईने छ ।

घ) विभिन्न व्यवसायिक फर्महरुलाई नगरपालिकामा समेत दर्ता गरी गराई व्यवसायिक करको माध्यमबाट आन्तरिक आय अभिवृद्धि र परिचालनमा जोड दिइने छ ।

आदरणीय महानुभावहरु :
अब म आगामी आ.ब.०७४/०७५ का लागि बार्षिक नगर बिकास योजना तर्जुमा गर्ने क्रममा अख्तियार गरिएका उदेश्य तथा नितिको आधारमा तयार गरिएका योजना तथा कार्यक्रमहरुको प्रस्ताबित कार्यक्रमको अनुमानीत आय ब्यय प्रस्तुत गर्न चाहन्छु ।

क) आय अनुमान :

आ.व. २०७४।०७५ का लागि कुल १२ करोड १६ लाख ५५ हजार आय अनुमान गरिएको छ । जसमा आन्तरीक श्रोतबाट रु १ करोड १० लाख रहेको छ, जुन रकम कुल बजेट (सामाजिक सुरक्षा समेत) को ९.०४ % हुन आउछ । वाह्य अनुदान तर्फ नेपाल सरकारको नगरपालिका अनुदान पुजिगत २ करोड ४३ लाख ३२ हजार र चालु ३९ लाख ६० हजार, नगर क्षेत्र विकास पुर्वाधार कार्यक्रम तर्फ १ करोड ४८ लाख ६३ हजार, ठुला पुर्वाधार आयोजना तर्फ १ करोड र सामाजिक सुरक्षा कार्यक्रमतर्फ ३ करोड रहने अनुमान गरिएको छ ।

ख) व्यय अनुमान

आ.व. २०७४।७५ को लागि कुल रु १२ करोड १६ लाख ५५ हजार व्यय अनुमान प्रक्षेपण गरिएको छ । जसमध्ये प्रशासन खर्च मध्ये कार्यालय सञ्चालन तर्फ ८२ लाख १० हजार र सामाजिक सुरक्षा तर्फ ३ करोड गरि जम्मा ३ करोड ८२ लाख १० हजार रहेको छ, जुन कुल वजेटको ३१.४१% हुन आउछ । त्यसै गरी विकास तर्फ ८ करोड ३४ लाख ४५ हजार रुपैया विनियोजन गरिएको छ, जुन रकम कुल बजेटको ६८.५९% हुन आँउछ ।

अव म आ.व. २०७४।०७५ का लागि स्थानीय स्रोत परिचालन कार्यविधि २०६९ को पूर्ण पालना गर्दै लक्षित वर्गका लागि फाइदा पुग्ने गरि माग र आवश्यकताका आधारमा कार्यक्रमको प्राथामिकिकरण गर्दै प्रस्ताव गरिएको कार्यक्रमको संक्षिप्त विवरण प्रस्तत गर्ने अनुमति चाहन्छु ।
लक्षित विकास कार्यक्रम तर्फ : ८५ लाख १६ हजार २ सय मात्र विनियोजन गरिएको छ । जस अनुसार

क) सवै जातजाति विपन्न बिपन्न बर्गका महिलालाइ फाइदा पुग्ने कायक्रमका लागि रु २४,३३,२००।००
ख) सवै जातजाति विपन्न बर्गका बालबालिकालाई फाइदा पुग्ने कायक्रमको लागि रु २४,३३,२००।००
ग) सवै जातजाति आर्थिकरुपमा तथा आर्थिक सामाजिक रुपमा बिपन्न बर्ग समुदायलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यकमको लागि ३६,४९,८००।००
घ) आर्थिक सामाजिक एब भौतिक पुर्वाधार बिकास तर्फको लागि रु ६४,८९,४८०।०० बिनियोजन गरीएको छ ।
ङ) प्रबर्द्धनात्मक क्षेत्र तर्फ रु ४३,२६,३२०।०० बिनियोजित गरिएको छ ।

प्रमुख अतिथि एब उपस्थित महानुभाव हरु,
माथि उल्लेखीत बिनियोजित पुजिगत बजेटको बिभिन्न शिर्षक तर्फ निम्नानुसार बाडफाड गरिएको छ ।

| क.स. | विषय | रकम रुपैयामा |
|---|---|---|
| १ | सडक | ६५७३१०५।०० |
| २ | पैदल मार्ग | २९२१३८।०० |
| ४ | शिक्षा | १४६०६९०।०० |
| ५ | खानेपानी | ७३०३४५।०० |
| ६ | विद्युत | ७३०३४५।०० |
| ७ | कृषि | १८९८८९७।०० |
| ८ | तटवन्ध | ७३०३४५।०० |
| १० | स्वास्थ्य सरसफाई | १४६०६९०।०० |
| १३ | पर्यटन धार्मिक | २९२१३८।०० |
| १५ | विविध | ४३८२०७।०० |
| **जम्मा** | | **१४६०६९००।००** |

१६) समपुरक र भैपरी कोष रु ५०,००,०००।००
१७) सामाजिक सुरक्षा कार्यक्रम रु. ३,००,००,०००।००
१८) लक्षित क्षेत्र कार्यक्रम रु ८५,१६,२००।००
१९) ठुला पुर्वाधार रु १,००,००,०००।००
२०) नगर क्षेत्र पुर्वाधार विकास कार्यक्रम रु १,४८,४३,०००।००
२१) भवन निर्माण रु १,००,००,०००।००
२२) सडक वोर्ड रु ४५,००,०००।००
२३) अन्य पुर्वाधारतर्फ रु १,५२,२८,५५५।००
२४) कन्टेनजेन्सी रु ४,३८,२०७।००
२५) मर्मत संभार कोष रु २,९२,१३८।००
२५) चालु खर्च रु ८२,१०,०००।००

**जम्मा रु १०,७०,४८,१००।००**

**कुल जम्मा रु. १२,१६,५५,०००।००**

आदरणीय प्रमुख अतिथि तथा महानुभावहरु,

उपरोक्त नीति, कार्यक्रम तथा वजेट माथि यस परिषद्मा उपस्थित हुनु भएका प्रमुख अतिथि ज्यू लगायत अतिथिज्यूहरुवाट प्रभावकारी कार्यन्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु । नगरपालिकाको श्रोत क्षमता भित्रका आयोजनाहरुलाई गत वर्षको नगरपरिषद, वडा भेला, वडा नागरिक मञ्चको सिफारिस, एकिकृत योजना तर्जुमा समितिमा व्यापक छलफल गरी सन्तुलित र दीगो बनाउने प्रयास गरिएको छ । नगरपालिकाको उपलब्ध श्रोत र साधनले धान्न नसकेका योजनाहरुलाई जिल्ला र केन्द्रीय निकायमा अनुरोध गर्ने निर्णय गरिएको छ । नगरको समष्टिगत बिकासकोलागि सहयोग पुऱ्याउनु हुने राष्ट्रिय योजना आयोग सङ्घिय मामिला तथा स्थानिय बिकास मन्त्रालय,नेपाल सरकारका अन्य मन्त्रालय बिभाग र निर्देशिनालय लगायत बिकासका

साझेदार संस्थाहरु संग नगरपालिकाको प्राथमिकताका आधरमा आवश्यक बजेड बिनियोजन गरिदिनु हुन हार्दिक आग्रह गर्दछु ।
आ.व.०७३/०७४ को बार्षिक योजना तर्जुमा गर्ने सिलसिलामा महत्वपुर्ण योगदान पुऱ्याउनु हुने नगर स्तरीय राजनितिक दलका प्रतिनिधिज्यूहरु राजश्व र परामर्श समितिका सदस्य ज्यूहरु मुल्याङ्कन समितिका सदस्य ज्यूहरु एकिकृत योजना तर्जुमा समितिका सदस्यज्यूहरु वडा नागरिक मञ्चका सदस्य ज्यूहरु साझेदार संस्थाहरु गै.स.स. हरु पत्रकार हरु निजि क्षेत्र सम्पुर्ण संघ संस्था लगायत योजना तर्जुमामा अहोरात्र खट्ने नगरपालिकाका कर्मचारीहरुमा बिशेष धन्यबाद ज्ञापन गर्दछु ।
हाम्रो निमन्त्रणालाई स्विकार गरी आफ्नो कार्य ब्यस्तताका बाबजुद उपस्थित भई नगर परिषदको गरिमा बढाई दिनु हुने प्रमुख अतिथिज्यू बिशिष्ठ अतिथिज्यू लगायत अतिथिज्यू हरुमा बिशेष आभार प्रकट गर्दछु ।
आमा समुह टोल सुधार समिति र युवा समुह प्रति आफ्नो बिकासमा आफै जुट्नको लागि उच्च भरोसा गरिएको छ ।
गत वर्ष मात्र स्थापना गरिएको नगरपालिका कार्यलयले सबै विषयको समाधन एकै पटक गर्न सक्दैन,स्रोत साधन र जनसक्तिको सिमितता लाई ध्यान दिदै रचनात्कमक सुझाव दिन गलत कार्य उपर समयमै खबरदारी गर्न र राम्रा कार्यहरुलाई प्रशंसा गर्न नगरपालिकाको ढोका सधैव खुला रहनेछ ।

नगरबासीको चौतर्फी मागलाई मध्यनजर गर्दै नगरपाकि बाट संम्बोधन हुन नसकेका योजना हरुलाई जिल्ला स्तर र कैन्द्र स्तर बाट सम्बोधन होस भन्ने हेतुले आवश्यक पहलका लागि प्रमुख अतिथिज्यू एबं प्रमुख जिल्ला अधिकारी ज्यू समक्ष मार्फत अनुरोध गर्न चाहन्छु । यहाँहरु सबैबाट नगरको बिकासको हरेक अभियानहरुमा सहभागिता सुझाव र सहयोग निरन्तर प्राप्त हुने विश्वास लिएकोछु ।
अन्तमा यस निति कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा अमुल्य सुझाव उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सम्पुर्ण महानुभावहरु तथा निकायहरुमा आभार ब्यक्त गर्दै हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

धन्यबाद ॥।

दुर्गा थापा
कार्यकारी अधिकृत
२०७३/०९/२६

प्रमुख अतिथी तथा अन्य महानुभावहरु

अब म आगामि आर्थिक वर्ष २०७४।७५ को नगरपरिषदबाट पारित भएका योजना तथा कार्यक्रम र विनियोजित रकम उल्लखे गर्न चाहान्छु ।

१. ठुला पुर्वाधारतर्फ

| क्र.स. | वडा नम्बर | योजना | रकम (रुपैयामा) | |
|---|---|---|---|---|
| १ | १ | सरकारी गैर सरकारी र साझेदारी निर्माण कार्य आंधिमुल मोटर मार्ग | ५०००००० | |
| २ | ६ | आंबुखैरेनी चक्रपथ तथा सहायक मार्ग स्तरोन्नति योजना | ५०००००० | |
| जम्मा रकम | | | १०००००००० | |

## २. नगर क्षेत्र पुर्वाधार विकास कार्यक्रम तर्फ

| क्र.स. | वडा नम्बर | योजनाको नाम | रकम (रुपैयामा) | |
|---|---|---|---|---|
| १ | | सवारी साधन/Backhoe खरिद | ४८६३००० | |
| २ | २ | प्रगतिशल नागरिक सचेतना केन्द्र आँबु २ भगेरी खुदिखोलामा कजयोय निर्माण योजना | ५०००००० | |
| ३ | | फोहोरमैला व्यवस्थापन तथा सरसफाई केन्द्र र खेलकुद मैदान निर्माण | ५०००००० | |

## ३. आर्थिक, सामाजिक र भौतिक पुर्वाधार विकास कार्यक्रम

| क्र.स. | वडा नं | योजना | रकम (रुपैयामा) | |
|---|---|---|---|---|
| १ | १ | यान्चोक आँधीमूल भुजेल गाऊँ कृषी सडक मार्ग | ७०००० | |
| २ | २ | वरादी गिरानचौर भंगरी हिलेखर्क मोटरमार्ग स्तरोन्तनी | ७०००० | |
| ३ | ३ | मार्किचोक पौवा खोलागाँउ कृषि सडक | ७०००० | |
| ४ | ४ | मार्किचोक, नयाँगाउ, डुम्रीखर्क हुदै देउराली हिलेखर्क कृषी ग्रामिण सडक निर्माण योजना | ७०००० | |
| ५ | ५ | आँबुखैरेनी लिउत अदुवाखर्क छिम्केश्वरी कृषि मोटरमार्ग स्तरोन्नती | ७०००० | |
| ६ | ६ | सुन्दर वस्ती,छविसे टोल र छिम्केश्वरी माई थपना नाला तथा सडक मार्ग योजना | ८०००० | |
| ७ | ७ | खानी भित्ता भाँगे कृषि मोटर मार्ग योजना | ५०००० | |
| ८ | ८ | घ्याङसिङ मोटर मार्ग निमार्ण योजना | ५०००० | |
| ९ | ८,९ | आँबु पुलजिप घुमाउने मोटरबाटो निर्माण योजना (निर्माणधिन) | ७७३१०५ | |
| १० | ९ | वासपानी काफलडाँडा हुदै लोप्राङसम्म मोटरबाटोृ निर्माण योजना | ५०००० | |
| ११ | | आंबुखैरेनी स्वास्थ्य चौकीमा आवश्यक प्रसुती सेवा सम्बन्धी उपकरण तथा औषधि खरिद, सरसफाई व्यवस्थापन | १४६०६९० | |

### ३. प्रवर्द्धनात्मक क्षेत्र

| क्र.स. | वडा नं | योजना | रकम (रुपैयामा) | |
|---|---|---|---|---|
| १ | ९ | आँधिखोला बुढिआँप गोरेटो बाटो मर्मत सुधार तारजाली योजना | २९२१३८ | |
| २ | १ | विद्युत तथा कम्प्युटर व्यवस्थापन सुर्योदय प्रावि | ११०६९० | |
| ३ | २ | श्री चन्द्रोदय आधारभुत विद्यालय आँबुखैरेनी २ समस्तीपुर भौतिक पुर्वाधार निर्माण | २५०००० | |
| ४ | ३ | महेश्वरी प्रावि विद्यालय कम्पाउण्ड, पौवा | १५०००० | |
| ५ | ४ | सात कन्या प्रा.वि. भवन मर्मत | १००००० | |
| ६ | ५ | छिम्केश्वरी माई प्रा.वि. भवन मर्मत योजना | १००००० | |
| ७ | ६ | रामशाह मा.वि. प्राँविधिक वर्कसप भवन निर्माण | ३००००० | |
| ८ | ६ | आँबुखैरेनी क्याम्पस कम्पाउण्ड निर्माण | ३००००० | |
| ९ | ७ | श्री छिम्केश्वरी मा.वि. अधुरो कम्पाउण्ड निर्माण | १५०००० | |
| १० | १ | रातमाटे खानेपानी ट्याङ्की मर्मत | ५०००० | |
| ११ | १ | सत्रसय यान्चोक खाने पानी मर्मत | ५०००० | |
| १२ | २ | अकला मन्दिर पानी ट्याङ्की निर्माण | ७०००० | |
| १३ | २ | डुम्रीडाँडा खानेपानी पाइप खरिद | १००००० | |
| १४ | ३ | एक्लेफाँट खानेपानी मार्किचोक मुहान तथा आइ.पि.एम. खानेपानी मुहान संरक्षण | १००००० | |
| १५ | ४ | निगालेडाँडा खानेपानी मर्मत योजना डुम्रीखर्क आमबोट | ५०००० | |
| १६ | ५ | ल्हाय गाँउ खर्क डोंडे खानेपानी मर्मत योजना | ५०००० | |
| १७ | ६ | गाडापानी कुवा स्तर उन्नती योजना | ५०००० | |
| १८ | ६ | कोटगाउँ ज्यामिसरा खानेपानी योजना मर्मत | ६०३४५ | |
| १९ | ७ | छिम्केश्वरी माइ थपना खानेपानी निर्माण योजना | ५०००० | |
| २० | ८ | साखर खानेपानी मर्मत तथा सम्भार योजना | ५०००० | |
| २१ | ९ | इन्द्रदेवी प्ा.वि. लोप्राङ खानेपानी मर्मत योजना | ५०००० | |
| २२ | सवै | बजारिकरण | ७००००० | |
| २३ | सवै | उत्पादन (मौसमि तथा वेमौसमि) | ७००००० | |
| २४ | सवै | तलिम तथा सहजिकरण | ३००००० | |
| २५ | सवै | विउ विजन (न.पा.को अनुदान ५० प्रतिशत | १९८८९७ | |
| २६ | २ | अकला मन्दिर ग्राउन तटवन्धन निर्माण भक्षय नियन्त्रण | १५०००० | |
| २७ | ३ | खानेपानी, ३५ घर खानेपानीको मुहान एउटै भएकोले मुहानमा भुक्षय राकथामको लागि करिव ३० वटा तारजालीमाग | १५०००० | |
| २८ | ४ | थानी मन्दिर परिसर तटवन्धन योजना | ५०००० | |
| २९ | ५ | खहरेखोला देखि ढकालटार दाना उद्योग पुल सम्म ग्याविन जालीबाट तटवन्धन योजना | १००००० | |
| ३० | ६ | चिसापानी टोल तटवन्धन योजना | १५०००० | |
| ३१ | ६ | खहरे खोला तटवन्धन योजना | १३०३४५ | |
| ३२ | ६ | डाँडाटोल पैरो नियन्त्रण योजना (लागत सहभागितामा गर्ने गरी पारित गरिएको | | |
| ३३ | २ | अकला मन्दीर वरादी पिक्निक ट्रष्ट निर्माण | १३०००० | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | ५ | छिम्केश्वरी माई मन्दिरको पर्खाल मर्मत योजना ढकालटार | ५०००० | |
| ३५ | ६ | शिवालय मन्दिर देखि नदि जाने बाटो निर्माण योजना | ११२१३८ | |

# लक्षित समुहतर्फका कार्यक्रमहरु

## १. वालवालिका लक्षित कार्यक्रमहरु

| क्र.स. | वडा नं | योजना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सवै | नेतृत्व विकास तथा अभिमुखिकरण तालिम कार्यक्रम | १००००० | |
| २ | सवै | ०७४ को वाल दिवस कार्यक्रम, वाल प्रतिभा प्रतियोगितात्मक कार्यक्रम | १००००० | |
| ३ | १ | वाल सुचना कार्यक्रम/वाल संजाल कार्यालय/वाल प्रतिभालय व्यवस्थापन | ४५०००० | |
| ४ | ६ | वाल प्रतिभा विज्ञान प्रदशनी ( १ दिने) विज्ञान सामाग्री वितरण( राम शाह मा.वि.को प्राङ्गण) | २००००० | |
| ५ | सवै | आ.व. ०७४/०७५ को नगर स्तरीय योजना तर्जुमा गाष्टि तथा वाल नगर परिषद | ५०००० | |
| ६ | सवै | वाल पाषण कार्यक्रम | १००००० | |
| ७ | ६ | राम शाह स्काउटको लागि दैवि प्रकोप सामाग्री खरिद तथा हस्तान्तरण कार्यक्रम | ५०००० | |
| ८ | सवै | सामुदायिक विद्यालय, सामुदायिक वाल क्लवलाई शैक्षिक तथा खेलकुद सामाग्री वितरण कार्यक्रम | १८३२०० | |
| ९ | सवै | जन्मदर्ता अभियान कार्यक्रम | ५०००० | |
| १० | सवै | अध्ययन अवलोकन कार्यक्रम | ४००००० | |
| ११ | सवै | वाल पुस्तक प्रकाशन | १००००० | |
| १२ | सवै | नगर स्तरीय वाल मञ्च वार्षिक कार्यक्रम व्यवस्थापन | ७५००० | |
| १३ | ८ | वडा स्तरीय सुचना केन्द्र व्यवस्थापन सामाग्री स्थानिय कार्यालय व्यवस्थापन सामाग्री खरिद | १००००० | |
| १४ | सवै | नगर क्षेत्र भित्र मा.वि तथा नि मा.वि हरुमा प्रथामिक उपचार सामाग्री वितरण कार्यक्रम | १००००० | |
| १५ | सवै | नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई(वालवालिका) स्कुल पोसक र झोला वितरण कार्यक्रम | २००००० | |
| १७ | सवै | नगरपालिका क्षेत्रलाई वालमैत्री अभियान सञ्चालन कार्यक्रम | ७५००० | |
| १८ | सवै | वाल श्रमिक न्युनिकरण तथा अन्त्य सम्वन्धी अभियानलाई नियमित गर्ने ( गोष्टि, अनुगमन,पुनःस्थापनां) | १००००० | |
| | | **जम्मा** | २४३३२०० | |

२. महिला लक्षित कार्यक्रमहरु

| क्र.स. | वडा नं | योजना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सवै | सुशासन तालिम (१ दिने) | ६०००० | |
| २ | सवै | स्थानिय तहमा महिलाहरुका पहुच अभिवृद्धि तथा श्रोत व्यवस्थापन तालिम (१ दिने) | ६०००० | |
| ३ | सवै | लैङ्गिक हिंसा सम्वन्धी सडक नाटक कार्यक्रम (४ दिने) | २००००० | |
| ४ | सवै | कार्यक्रम संचालन तथा उद्घोषण तालिम कार्यक्रम (३ दिने) | १२०००० | |
| ५ | सवै | कानुनी साक्षरता तालिम (३ दिने) | १२०००० | |
| ६ | सवै | अन्तराष्ट्रिय नारी दिवस (विविध कार्यक्रम सहित | १२५००० | |
| ७ | सवै | यौन तथा प्रजनन स्वास्थ्य सम्वन्धी तालिम (४ दिने) | १२०००० | |
| ८ | सवै | किशोरीहरु लाई मानव वेचविखन तथा हिंसा सम्वन्धी सचेतना तालिम कार्यक्रम (२ दिने) | १२०००० | |
| ९ | सवै | खुल्ला तिज गित तथा नृत्य प्रतियोगिता (१ दिने) | १५०००० | |
| १० | सवै | सिपमुलक तालिम झोला बनाउने, चुरा, आदि) | ३००००० | |
| ११ | सवै | अवलोकन भ्रमण (३ दिने) | १७०००० | |
| १२ | सवै | विभिन्न महिला संजालका कार्यक्रम व्यवस्थापन | ५०००० | |
| १३ | ६ | सैबोटे सामुदायिक भवनमा महिला मैत्री शौचालय निमाण | ३३८२०० | |
| १४ | सवै | महिला लक्षित लोक सेवा तयारी कक्षा संचालन | ५००००० | |
| **जम्मा** | | | **२४३३२००** | |

३. विशेष क्षमता भएका(अपांग) लक्षित कार्यक्रमहरु

| क्र.स. | वडा नं | योजना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सवै | विशष क्षमता भएका (अपांग) हरुको कानुनी साक्षरता अधिकार, सशक्तिकरण र संगठन निर्माण पर्नताजकीतालिम कार्यक्रम (४५ जना) | ३५००० | |
| २ | सवै | आँबुखैरेनी नगरपालिका भित्रका विषेश क्षमता भएका व्यक्तिहरुको स्थानीय स्तरमा नै वर्गिकृत परिचय पत्र वितरण व्यवस्थापन | ७५००० | |
| ३ | सवै | विशेष क्षमता भएका तिव्र अवस्थाका व्यक्तिहरुलाई औषधि उपचार र न्यानो लुगा ३० जना | १५०००० | |
| ४ | सवै | विशेष क्षमता भएका मध्यम खालका अपांग भएका व्यक्तिहरुलाई व्यवसायिक तालिम र सम्बन्धीत हरुका लागि (सिलाइ, बुनाइ, व्युटि पार्लर, मैनवत्ति आदि) | ३००००० | |
| ५ | सवै | विशेष क्षता नगर संजाल आन्तिरिक व्यवस्थापन | ५०००० | |
| | ६ | सैबोटो सामुदायिक भवनमा अपांग मैत्री शौचालय निर्माण | ११९९६० | |
| **जम्मा** | | | **७२९९६०** | |

## ४. आदिवासी जनजाती लक्षित कार्यक्रमहरु

| क्र.स. | वडा नं | योजना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सवै | ड्राईभिङ्ग तालिम (२७ जना ) | ३००००० | |
| २ | सवै | हस्तकला तालिम (२७ जना) | २००००० | |
| ३ | सवै | पल्मवर तालिम | ४१६६०० | |
| ४ | सवै | जनचेतना तथा होमस्टे तालिम | १५०००० | |
| ५ | सवै | अध्ययन अवलोकन भ्रमण | १५०००० | |
| **जम्मा** | | | **१२१६६००** | |

## ५. दलित वर्ग लक्षित कार्यक्रमहरु

| क्र.स. | वडा नं | योजना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सवै | सिलाई कटिङ्ग तालिम | २००००० | |
| ३ | सवै | तथ्यांक संकलन | १२९९६० | |
| ४ | सवै | दक्ष जनशक्ति उत्पादन तालिम | १५०००० | |
| ५ | सवै | दलित महिला च्याउ खेती तालिम | १५०००० | |
| ६ | २,६ | परियार गुठी समाज व्यवस्थापन खर्च | १००००० | |
| | | | ७२९९६० | |